आज मिति २०६६ साल असोज ११ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री सरत बहादुर सुनारज्यूको अध्यक्षतामा दैलेख जिल्लामा कार्यक्षेत्र भएका तपसिलमा उल्लेखित कार्यालयहरुका कार्यालय प्रमुखहरुको उपस्थितिमा जिल्लामा सञ्चालित विकास/पूर्वाधार निर्माण सम्बन्धी बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्र.जि.अ. श्री सरत बहादुर सुनार, जिल्ला प्रशासन का. दैलेख

का.प्र. श्री नारायण प्रसाद नेहरे, पुष्पलाल (मध्यपहाडी) रा.यो.का. दैलेख

का.प्र. श्री विजय कुमार थापा, सडक डिभिजन, सुर्खेत

का.प्र. श्री अशोकराज गौतम, खानेपानी, सिंचाई तथा ऊर्जा विकास का. दैलेख

का.प्र. श्री बालदेव शर्मा, पूर्वाधार विकास कार्यालय, दैलेख

ई. श्री तुलाराम शर्मा, पुष्पलाल (मध्यपहाडी) रा.यो.का. दैलेख

स.प्र.जि.अ. श्री इन्द्र बहादुर खत्री, जिल्ला प्रशासन कार्यालय, दैलेख

छलफलका विषयहरु

१. विकास निर्माण सम्बन्धी योजनाहरुको समीक्षा

२. पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना निर्माणका लागि आवश्यक कच्चा पदार्थ उत्पादनलाई सहज बनाउने

३. स्थानीय तहलाई मापदण्ड बमोजिम सडक निर्माणका गर्न अनुरोध गर्ने

४. सडक र अन्य विकास निर्माण कार्यमा हुने Overlapping व्यवस्थापन

५. योजना निर्माण स्थलमा विस्तृत विवरण समेतको सूचना पाटी राख्ने

६. प्रमुख जिल्ला अधिकारीबाट निर्देशन

निर्णयहरु

निर्णय नं. १

दैलेख जिल्लामा कार्यक्षेत्र रहेका पूर्वाधार निर्माण सम्बन्धी कार्यालयहरुले गत आर्थिक वर्षमा सम्पन्न गरेका योजनाहरुको प्रगति समीक्षा र यस आर्थिक वर्षमा सञ्चालन हुने योजनाहरुको कार्यान्वयनको अवस्थाका बारेमा छलफल भयो। यस आर्थिक वर्षमा कार्यान्वयन गरिने योजनाहरु समयमै प्रभावकारी रुपमा सम्पन्न गर्न तदारुकताका साथ कार्य गर्ने ।

निर्णय नं. २

राष्ट्रिय गौरवको आयोजना पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना निर्माणका लागि आवश्यक पर्ने कच्चा पदार्थहरु उत्पादनका लागि आयोजना सञ्चालन हुने क्षेत्रका स्थानीय तहहरुको समन्वयमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम कच्चा पदार्थ उत्पादन कार्यलाई सहज बनाउने।

निर्णय नं. ३

यस जिल्लामा स्थानीय तहहरुबाट तोकिएको मापदण्ड बमोजिम सडकहरु निर्माण नहुँदा पहिरो र भूक्षयको जोखीम बढेको र वातावरणमा प्रतिकूल प्रभाव समेत परेको देखिएको हुँदा उप्रान्त त्यस्ता सडक निर्माण गर्दा सम्बन्धित निकायको स्वीकृतिमा मापदण्ड बमोजिम सडक निर्माण गर्न अनुरोध गर्ने।

निर्णय नं. ४

दैलेख जिल्लामा कार्यक्षेत्र भएका पूर्वाधार निर्माण सम्बन्धी कार्यालयहरुले निर्माण गर्ने र स्थानीय स्तरमै निर्माण गरिने सडकहरु Overlapping हुने समस्यालाई समाधान गर्न सम्बन्धित कार्यालयले आफ्ना वार्षिक कार्ययोजना एक-आपसमा छलफल गर्ने। साथै अन्य विकास निर्माणका कार्यहरु समेत सोही बमोजिम क्रमागत रुपमा हुने व्यवस्था गर्ने।

निर्णय नं. ५

विकास निर्माण कार्यसँग सम्बन्धित सबै कार्यालयहरुले योजना निर्माण स्थलमा योजनाको लागत, अवधि, फर्म समेतको विस्तृत विवरण देखिने सूचना पाटी अनिवार्य राख्ने व्यवस्था गर्ने।

निर्णय नं. ६

यस जिल्लाको विकास निर्माण कार्यलाई सम्बन्धित सबै कार्यालयहरुले नियत, नीति, विधि र प्रविधिको प्रयोगलाई आत्मसाथ गर्दै थप पारदर्शी र प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारीबाट उपस्थित कार्यालय प्रमुखहरुलाई निर्देशन भयो।